**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 7, Volume 7, Issue 1, December 2025
Published by Sotang Public Campus

# व्याकरणका अभ्यास संयोजनका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक

**डा. उमेश काफ्ले**

*Article History : Submitted 16 Jan. 2025; Reviewed 13 Feb. 2025; Accepted 25 March 2025*
*Author : Dr. Umesh Kafle Email: umesh.kafle@cded,tu.edu.np*
*DOI: https://doi.org/10.3126/sotang.v7i01.89322* *Orcid id : https://orcid.org/0009-0008-8540-7999*

**लेखसार**

*प्रस्तुत अध्ययन कक्षा १० को नेपाली (२०७४) पाठ्यपुस्तकमा रहेका व्याकरण अभ्यासको विश्लेषणमा केन्द्रित छ । यसमा विधागत आधारमा व्याकरणात्मक अभ्यासको अध्ययन गरिएको छ । गुणात्मक ढाँचाअन्तर्गत विषयवस्तु विश्लेषण विधि अपनाई कक्षा १० को नेपाली पाठ्यपुस्तकको अध्ययन गरिएको छ । पाठ्यपुस्तकलाई अध्ययन क्षेत्र बनाई व्याकरणात्मक अभ्यासलाई अध्ययनीय विषयको आधार मानिएको छ । अभ्यासलाई पहिचानात्मक, रूपान्तरणात्मक, उत्पादनात्मक, अन्वेषणात्मक, प्रयोगात्मक, अनुलेखात्मक आदि आधारमा विभाजन गरी सोही सिद्धान्तको जगमा व्याकरणात्मक अभ्यासको सूक्ष्म विश्लेषण गरिएको छ । व्याकरणात्मक अभ्यासको विश्लेषणका सन्दर्भमा प्रतिशताङ्कको उपयोग गरिएको छ । अभ्यासको विश्लेषण गर्दा विधागत आधार अपनाइएको छ । कवितामा विधामा प्रयोग गरिएका व्याकरणात्मक अभ्यासमा सबैभन्दा बढी प्रयोगात्मक अभ्यास, कथा विधामा रूपान्तरणात्मक र पहिचानात्मक अभ्यास, जीवनी विधामा रूपान्तरणात्मक अभ्यास, निबन्ध विधामा पहिचानात्मक र अन्वेषणात्मक अभ्यास, रूपक विधामा पहिचानात्मक अभ्यास, चिठी विधामा रूपान्तरणात्मक, पहिचानात्मक, अनुलेखनात्मक र अन्वेषणात्मक अभ्यासको बढी प्रयोग भेटिएको छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका व्याकरणका अभ्यासमा विविधता सिर्जना गरिए पनि अभ्यासको प्रयोगमा एकरूपता देखिएको छैन । पाठकेन्द्रित र प्रकार्यकेन्द्रित अभ्यासलाई पनि प्राथमिकता दिइएकाले विद्यार्थीको सिकाइका दृष्टिले*

*भने उपयुक्त रहेको छ । यस अध्ययनको प्राप्तिले भाषा पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षण सिकाइ र व्याकरणप्रति चासो राख्ने सबैलाई सहयोग पुग्ने विश्वास लिइएको छ ।*

**मुख्य शब्द :** *अनुलेखात्मक, पहिचानात्मक, व्याकरणात्मक, रूपान्तरणात्मक, सूक्ष्म ।*

## अध्ययनको पृष्ठभूमि

भाषिक सिपहरुको प्रभावकारी शिक्षणका लागि पाठ्यक्रमअनुरुप तयार गरिएको आधिकारिक सामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ । यसमा भाषिक व्यवहारको सक्षमतामा विशेष जोड दिइन्छ । भाषिक व्यवहारको उन्नयनका लागि व्याकरणको महङ्खवपूर्ण भूमिका रहन्छ । पाठ्यपुस्तकले कार्यमूलक ढङ्गमा व्याकरण शिक्षण गर्ने लक्ष्य राखेको छ ।  भाषिक नियम तथा अनुशासनसँग सम्बन्धित पक्ष नै व्याकरण हो । कुनै भाषाका अर्थपूर्ण उच्चारणहरूको विन्यासलाई व्याकरण भनिन्छ (बन्धु, २०७३, पृ. ६२) । मानवीय जीवनमा भाषाको महङ्खवपूर्ण भूमिका रहन्छ । भाषाको कारणले व्यक्तिले समग्र कार्यकलाप राम्रोसँग सञ्चालन गर्दछ । यसको उपयुक्तताका लागि व्याकरण विचार विनिमय कथ्य, लेख्य वा सङ्केतद्वारा हुन्छ । भाषाको सही र शुद्ध प्रयोग आवश्यक छ । यसको लागि शिक्षणले सहयोग गर्दछ । व्याकरण भाषालाई व्यवस्थित गर्ने तङ्खव हो (शर्मा, २०७१, पृ. २५) । भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनलाई व्याकरण रूपमा लिइन्छ । परम्परागत मान्यताअनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४१०) । भाषाको संरचनानिश्चित नियमबाट हुन्छ र यसको प्रयोग पनि निश्चित नियमबाट गरिन्छ । भाषाका यिनै नियमहरूलाई व्याकरणको नाम दिइन्छ (शर्मा, २०७१, पृ. २५) । व्याकरणलाई भाषाविज्ञानकै एउटा भाषा मानिन्छ । परम्परागत व्याकरणअन्तर्गत रूपविज्ञान र वाक्यविज्ञानलाई राखिन्थ्यो । रूपविज्ञानमा शब्द र शब्दका अवयव अर्थात् उपसर्ग र प्रत्ययको अध्ययन हुन्छ भने वाक्यविज्ञानमा शब्दहरूको संयोगले बनेका रचना,पदावली, वाक्यांश र वाक्यहरूको अध्ययन हुन्छ (बन्धु, २०७३, पृ. ६२) । तसर्थ पाठ्यक्रम पाठ्यक्रम निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न गरिने कक्षा कार्यकलापका लागि आधार सामग्री हो ।

व्याकरणले भाषालाई सही प्रयोग गर्न निर्देश गर्दछ । व्याकरणलाई जटिल प्रक्रियाको रूपमा भन्दा पनि सान्दर्भिक र प्रयोगपरक बनाउनु पर्छ । वक्ता वा प्रस्तोता, श्रोता वा पाठक, प्रसङ्ग एवम् विषयवस्तु भाषा प्रयोगका नियमक हुन् (अधिकारी, २०६७, पृ. १७९) । यसर्थ व्याकरणलाई कार्य वा सन्दर्भको रूपमा लिनुपर्दछ । शब्दलाई वाक्य अनुच्छेद वा सङ्कथनात्मक स्वरूपमा शिक्षण गर्नुपर्दछ । माध्यमिक तहअन्तर्गत कक्षा १० का लागि तयार गरिएको नेपाली पाठ्यपुस्तकमा व्याकरणलाई अधिकतम प्रयोगपरक बनाउने प्रयास गरिएको छ । उदाहरण र प्रयोगमा केन्द्रित भई पाठभित्रबाट व्याकरण सिकाउने उद्देश्य लिइएको छ । सिर्जनात्मक, प्रयोगात्मक र अन्तरक्रियात्मक पद्धतिबाट व्याकरण सिकाउने लक्ष्य तय गरिएको छ । पाठ्यपुस्तकमा राखिएका व्याकरणात्मक अभ्यासहरूलाई शिक्षणीय प्रयोजन तथा कार्यमूलक ढाँचाका आधारमा विश्लेषण नगरिएको कारण यो अध्ययन सोही पक्षमा केन्द्रित छ ।

## समस्याकथन र उद्देश्य निर्धारण

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा केकस्ता व्याकरणात्मक अभ्यास राखिएका छन् भन्ने समस्या नै यस अध्ययनको प्रमुख समस्या हो र उक्त समस्याको प्राज्ञिक समाधानका उपाय खोजी गर्नु नै यस आलेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि गुणात्मक ढाँचाअन्तर्गत विषयवस्तु विश्लेषण विधिको अवलम्बन गरिएको छ ।

### सामग्री सङ्कलन

यस अध्ययनका लागि कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासलाई आधार मानी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई विभिन्न आधारमा वर्गीकरण गर्दै व्याकरणात्मक अभ्यासको विश्लेषण गरिएको छ ।

### सैद्धान्तिक पर्याधार र विश्लेषणात्मक ढाँचा

व्याकरणका अभ्यासहरू फरकफरक हुन सक्छन् । अभ्यासमा विविधता भए पनि तिनीहरूको खास उद्देश्य भनेको भाषा प्रयोगमा सक्षाम तुल्याउनु नै हो । अहिले व्याकरणलाई प्रकार्य वा कार्यपरक ढङ्गमा हेरिन थालेको छ । पाश्चात्य भाषाविद् ह्यालिडेले व्याकरणलाई प्रकार्यपरक वा सन्दर्भपरक बनाउन जोड दिएका थिए । यसको कारण उनले प्रकार्यपरक व्याकरणको स्थापना गरे (न्यौपाने, भण्डारी र न्यौपाने, २०७३, पृ. ११८) । व्याकरणलाई अलग्गै शिक्षण नगरी पाठसँग सम्बद्ध गराई एकीकृत रूपमा शिक्षण गर्नुपर्छ । उदाहरण र प्रयोगका आधारमा भाषिक शुद्धतामा ख्याल गर्ने बानीको विकासमा जोड दिनुपर्छ । आफ्नो परिवार समुदायमा सिकिएका कतिपय गलत प्रयोगलाई सुधार्नसमेत व्याकरणको सैद्धान्तिक खालको ज्ञानभन्दा प्रसङ्गपूर्ण प्रयोगको अभ्यास नै विशेष उपयोगी ठहर्छ (अधिकारी, २०६७, पृ. १७९) । पाठ्यपुस्तकमा रहेका व्याकरणको स्थिति पहिचानका लागि निम्नलिखित आधार निर्धारण गरिएको छ :

**पहिचानात्मक अभ्यास :** व्याकरणात्मक विषयवस्तुको परिचय वा जाँचबुझसँग सम्बन्धित अभ्यासलाई पहिचानात्मक अभ्यास भनिन्छ । जस्तैः अनुच्छेदमा प्रयुक्त विशेषण शब्दहरू पहिचान गर्नुहोस् ।

**रूपान्तरणात्मक/परिवर्तनात्मक अभ्यास :** व्याकरणात्मक कोटिका आधारमा एकबाट रुपान्तरण गर्न निर्देश गरिएका अभ्यासलाई रूपान्तरणात्मक अभ्यास भनिन्छ । जस्तैः तलका वाक्यलाई कोष्ठकको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् ।


**उत्पादनात्मक अभ्यास :** व्याकरणात्मक सुझबुझ प्राप्त भएपछि सम्बन्धित पक्षलाई समावेश गरी निर्माण गर्न लगाउने अभ्यासलाई उत्पादनात्मक अभ्यास भनिन्छ । जस्तै : अज्ञात भूतकालको प्रयोग गरी आफ्नो बाल्यकालको वर्णन गर्नुहोस् ।

**अन्वेषणात्मक अभ्यास :** खोजमूलक अभ्यास यसअन्तर्गत पर्दछन् । पाठबाट वा अन्य सामग्रीबाट व्याकरणात्मक पक्षको खोजी गर्न लगाउने अभ्यासलाई अन्वेषणात्मक अभ्यास भनिन्छ । जस्तै : पाठबाट शब्दको सुरुमा दीर्घ ईकार हुने शब्दहरू टिपोट गर्नुहोस् ।

**प्रयोगात्मक अभ्यास :** व्यवहार वा कार्यमा उपयोगमा ल्याइने अभ्यासलाई प्रयोगात्मक अभ्यास भनिन्छ । यस्ता प्रश्नहरु वाक्यात्मक तहमा निर्माण गरिन्छन् । जस्तैः 'गर्', 'हट्' र 'साट्' धातुका वाक्यहरू बनाउनुहोस् ।

**अनुलेखात्मक अभ्यास :** अभ्यासमा दिइएका कतिपय पक्षलाई ध्यानपूर्वक पढी जस्ताको त्यस्तै उत्तरपुस्तिकामा सार्ने अभ्यासलाई अनुलेखात्मक अभ्यास भनिन्छ । जस्तै : तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू नामयोगी हुन्, तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् ।

यिनै सिद्धान्तलाई आधार मानी कक्षा १० को नेपाली पाठ्यपुस्तकको व्याकरणात्मक स्थितिको विश्लेषण गर्न खोजिएको छ र यसको ढाँचा निम्नानुसार प्रस्तुत छ :




उपर्युक्त आधारमा विधागत विविधतालाई ख्याल गर्दै तालिकीकरण गरी व्याकरणात्मक अभ्यासको विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली पाठ्यपुस्तकमा राखिएका व्याकरणको अध्ययनमा केन्द्रित छ । यसमा प्रश्न प्रकृतिका आधारमा व्याकरणात्मक स्थितिको पहिचान गरिएको छ । विधागत आधारमा व्याकरणात्मक अभ्यासको विश्लेषण गर्न खोजिएको छ ।

### कविता विधाको व्याकरणात्मक स्थिति

कक्षा १० को पाठ्यपुस्तकमा 'सन्तुष्टि', 'वर्षा' र 'म सडक बोल्दै छु' कविताहरू रहेका छन् । 'सन्तुष्टि' कवितामा वर्णविन्यास, धातु रूपावली र लेख्यचिह्नको प्रयोगसम्बन्धी अभ्यास छ भने 'वर्षा' कवितामा व्युत्पन्न शब्द तथा क्रियापदको पहिचान र प्रयोगसम्बन्धी छ । 'म सडक बोल्दै छु' कवितामा वर्णविन्यास, वाक्यसंश्लेषण र विश्लेषणका अभ्यास रहेका छन् । कक्षा १० को कविता विधामा प्रयुक्त व्याकरणात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका १ : कविता विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सन्तुष्टि | | १ | १ | १ | २ | १ | ६ |
| वर्षा | १ | | २ | | ३ | | ६ |
| म सडक बोल्दै छु | | २ | | १ | २ | | ५ |
| जम्मा | १ | ३ | ३ | २ | ७ | १ | १७ |
| प्रतिशत | ५.८४% | १७.६४% | १७.६४% | ११.७६% | ४१.१७% | ५.८४% | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका १ का आधारमा हेर्दा सवैभन्दा बढी प्रयोगात्मक (४१.१७%) अभ्यास राखिएको पाइन्छ । त्यसपछि रूपान्तरणात्मक र उत्पादनात्मक १७.६४% अन्वेषणात्मक ११.७६%, पहिचानात्मक र अनुलेखात्मक ५.८४% रहेको छ । प्रयोगात्मक अभ्यास सापेक्षिक धेरै भएकाले कविता विधाको व्याकरण उपयुक्त नै देखिन्छ ।

### कथा विधाको व्याकरणात्मक स्थिति

कक्षा १० को पाठ्यपुस्तकमा 'जन्मभूमि', 'प्रत्यागमन', 'लक्ष्मीपूजा' र 'माउजङ बाबुसाहेबको कोट' कथाहरू रहेका छन् । 'जन्मभूमि' कथामा सामान्य धातु, नाम धातु, प्रेरणार्थक धातु तथा निपात र विस्मयादिबोधकको पहिचान र प्रयोगसम्बन्धी अभ्यासहरू छन् । 'प्रत्यागमन' कथामा अपूर्ण पक्षको पहिचान र प्रयोगसम्बन्धी अभ्यास छ भने 'लक्ष्मीपूजा' कथामा वर्णविन्यास र पदसङ्गतिसम्बन्धी अभ्यासहरू राखिएका छन् । 'माउजङ बाबुसाहेबको कोट' कथामा वर्णविन्यास र वाक्य परिवर्तनसम्बन्धी अभ्यासहरू रहेका छन् । कक्षा १० मा प्रयुक्तकथा विधाको व्याकरणात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका २ : कथा विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जन्मभूमि | ४ | | १ | | २ | | ७ |
| प्रत्यागमन | २ | २ | ३ | | | | ७ |
| लक्ष्मीपूजा | १ | ३ | १ | १ | | | ६ |
| माउजङ बाबुसाहेबको कोट | १ | ४ | | | | | ५ |
| जम्मा | ८ | ९ | ५ | १ | २ | | २५ |
| प्रतिशत | ३२% | ३६% | २०% | ४% | ८% | | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका २ को आधारमा हेर्दा सबैभन्दा बढी रूपान्तरणात्मक (३६%) अभ्यास रहेको छ । त्यसपछि पहिचानात्मक ३२%, उत्पादनात्मक २०%, प्रयोगात्मक ८% र अन्वेषणात्मक ४% रहेको छ । रूपान्तरणात्मक र पहिचानात्मक अभ्यासलाई बढी प्राथमिकता दिइएको देखिन्छ । उत्पादनात्मक र प्रयोगात्मक प्रकृतिका अभ्यास कमरहनु आलोच्य पक्ष हो ।

**जीवनी विधाको व्याकरणात्मक स्थिति**

कक्षा १० को पाठ्यपुस्तकमा 'सन्दुक रुइत' र 'क्लारा जेटकिन' गरी दुईवटा जीवनी राखिएको छ । 'सन्दुक रुइत' को जीवनीमा क्रियायोगी, नामयोगी र संयोजकको पहिचान र प्रयोगसम्बन्धी अभ्यास छ भने 'क्लारा जेटकिन' पाठमा लिङ्ग, वचन, पुरुष, आदर, करण-अकरण, काल र पक्ष आदिका आधारमा वाक्य परिवर्तनसम्बन्धी अभ्यास राखिएको छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त जीवनी विधाको व्याकरणात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका ३ : जीवनी विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सन्दुक रुइत | १ | | | | | ३ | ४ |
| क्लारा जेटकिन | | ४ | | | | | ४ |
| जम्मा | १ | ४ | | | | ३ | ८ |
| प्रतिशत | १२.५% | ५०% | | | | ३७.५% | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका ३ हेर्दा व्याकरणात्मक अभ्यासको वितरणमा समानता देखिँदैन । जीवनी विधाका अभ्यास पहिचानात्मक, रूपान्तरणात्मक र अनुलेखात्मक प्रकृतिका मात्र छन् । सबैभन्दा बढी अभ्यास रूपान्तरणात्मक (५०%) प्रकृतिका छन् भने अनुलेखात्मक ३७.५% र पहिचानात्मक १२.५% रहेका छन् । उत्पादनात्मक, अन्वेषणात्मक र प्रयोगात्मक अभ्यास शून्य हुनाले कार्यमूलक ढाँचालाई अवलम्बन गर्न सकेको देखिँदैन ।

**निबन्ध विधाको व्याकरणात्मक स्थिति**

कक्षा १० को  पाठ्यपुस्तकमा 'थाङ्का', 'हाम्रो संस्कृति' र 'जय भुँडी' निबन्ध रहेका छन् । 'थाङ्का' निबन्धमा नाम, सर्वनाम, विशेषण र क्रियापदको पहिचान र प्रयोगसम्बन्धी अभ्यास छ । 'हाम्रो संस्कृति' निबन्धमा समास, द्वित्व र वर्णविन्यासको पहिचान र प्रयोगसम्बन्धी अभ्यास रहेको छ भने 'जयभुँडी' निबन्धमा वाक्यका प्रकारको पहिचान र प्रयोग तथा वर्णविन्यासको प्रयोगसम्बन्धी अभ्यास राखिएको छ । कक्षा १० मा प्रयुक्त नेपाली पाठ्यपुस्तकअन्तर्गत निबन्ध विधाको व्याकरणात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका ४ : निबन्ध विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थाङ्का | ३ | | | १ | | | ४ |
| हाम्रो संस्कृति | ३ | | २ | ४ | १ | २ | १२ |
| जय भुँडी | | १ | २ | १ | १ | | ५ |
| जम्मा | १ | १ | ४ | ६ | २ | २ | २१ |
| प्रतिशत | २८.५७% | ४.७६% | १९.०४% | २८.५७% | ९.५२% | ९.५२% | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका ४ लाई आधार मान्दा निबन्ध विधामा सबैभन्दा बढी अभ्यास पहिचानात्मक (२८.५७%) र अन्वेषणात्मक (२८.५७%) प्रकृतिका रहेका छन् । त्यसपछि उत्पादनात्मक १९.०४%, प्रयोगात्मक ९.५२%, अनुलेखात्मक ९.५२% र रूपान्तरणत्मक ४.७६% रहेको छ । यस विधामा राखिएका व्याकरणात्मक अभ्यास पनि समान वितरणमा छैनन् । कक्षा १० मा प्रयुक्त नेपाली पाठ्यपुस्तकमा पहिचानात्मकभन्दा उत्पादनात्मक र प्रयोगात्मक अभ्यासमा वृद्धि गरेको भए प्रभावकारी हुने थियो ।

**रूपक विधाको व्याकरणात्मक स्थिति**

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा 'म पनि सक्छु' (मनोवाद) 'स्थानीयकरणभन्दा व्यापारीकरण बेस' (वादविवाद) र 'टीका' (एकाङ्की) पाठहरू राखिएका छन् । 'म पनि सक्छु' पाठमा मूल शब्दको पहिचान र प्रयोग तथा वर्तमान र भविष्यत् काल सम्बन्धी अभ्यास राखिएको छ । 'स्थानीयकरणभन्दा व्यापारीकरण बेस' पाठमा वाक्यको प्रकारको पहिचान र प्रयोग तथा पूर्ण पक्षसम्बन्धी अभ्यास रहेका छन् । 'टीका' पाठमा कारक र विभक्तिको पहिचान र प्रयोगसम्बन्धी अभ्यास रहेका छन् । कक्षा १० मा प्रयुक्त रूपक विधाको व्याकरणात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका ५ : रूपक विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| म पनि सक्छु | २ | २ | | १ | १ | | ६ |
| स्थानीयकरणभन्दा व्यापारीकरण बेस | २ | २ | ३ | १ | | | ८ |
| टीका | १ | | १ | | १ | | ३ |
| जम्मा | ५ | ४ | ४ | २ | २ | | १७ |
| प्रतिशत | २९.४१% | २३.५२% | २३.५२% | ११.७६% | ११.७६% | | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका ५ लाई आधार मान्दा सबैभन्दा बढी अभ्यास पहिचानात्मक (२९.४१%) प्रकृतिका छन् । त्यसपछि रूपान्तरणात्मक र उत्पादनात्मक अभ्यास २३.५२% अनि अन्वेषणात्मक र प्रयोगात्मक अभ्यास ११.७६% रहेको छ । अनुलेखात्मक अभ्यासहरू राखिएको छैन । सङ्ख्यात्मक दृष्टिले हेर्दा स्थानीयकरणभन्दा व्यापारीकरण बेस भन्ने पाठमा धेरै अभ्यासहरू राखिएका छन् । रूपक विधामा पनि अभ्यासको सन्तुलन देखिएको छैन ।

**चिठी विधाको व्याकरणात्मक स्थिति**

कक्षा १० को पाठ्यपुस्तकमा एउटा 'व्यापारिक चिठी' पाठ राखिएको छ । यस पाठमा वर्णविन्यास र भूतकालको पहिचान र प्रयोगसम्बन्धी अभ्यास राखिएको छ । कक्षा १० मा प्रयुक्त चिठी विधाको व्याकरणात्मक स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका ६ : चिठी विधाको व्याकरणात्मक स्थिति**

| पाठ | पहिचानात्मक | रूपान्तरणात्मक | उत्पादनात्मक | अन्वेषणात्मक | प्रयोगात्मक | अनुलेखात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| व्यापारिक चिठी | २ | २ | १ | २ | | २ | ९ |
| प्रतिशत | २२.२२% | २२.२२% | ११.११% | २२.२२% | | २२.२२% | १००% |

स्रोत : नेपाली कक्षा १०, २०७४ ।

तालिका ६ को आधारमा हेर्दा पहिचानात्मक, रूपान्तरणात्मक, अनुलेखात्मक र अन्वेषणात्मक प्रकृतिका अभ्यास २२.२२% रहेको छ भने उत्पादनात्मक प्रकृतिका ११.११% अभ्यास रहेको छ । प्रयोगात्मक अभ्यास राखिएको छैन ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा विधागत आधारमा व्याकरण अभ्यासको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । समग्रमा हेर्दा पहिचानात्मक अभ्यास २१.७५%, रूपान्तरणात्मक अभ्यास २५.६९%, उत्पादनात्मक अभ्यास १५.२१%, अन्वेषणात्मक अभ्यास १३.०५%, प्रयोगात्मक अभ्यास ११.७४% र अनुलेखात्मक अभ्यास १२.५१% रहेको छ । सबैभन्दा बढी अभ्यास रूपान्तरण वा वाक्य परिवर्तनसँग सम्बन्धित छन् । त्यसपछि क्रमश: पहिचानात्मक, उत्पादनात्मक, अन्वेषणात्मक, अनुलेखात्मक र प्रयोगात्मक अभ्यासहरू रहेका छन् । सङ्ख्यात्मक दृष्टिले हेर्दा सबैभन्दा बढी अभ्यास कथा विधामा राखिएको छ । पाठ नै एउटा भएकाले चिठी विधामा सङ्ख्यात्मक दृष्टिले न्यून अभ्यास राखिएको छ । कक्षा १० को पाठ्यपुस्तकमा राखिएका व्याकरणात्मक अभ्यासमा विविधता भए पनि वितरणप्रणालीमा समानता रहेको देखिएन । कार्यमूलक ढाँचामा निर्माण गरिएको हुनाले धेरै अभ्यासहरू प्रयोग सन्दर्भअनुकूल छन् । व्याकरणलाई कार्यको रूपमा उत्पादन गर्न सक्ने देखिन्छ । शब्द र वाक्यको तहमा रहेका अभ्यासलाई अनुच्छेद तहमा पनि राख्न सके उपयुक्त हुने देखिन्छ ।

**सन्दर्भसामग्री**

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *प्रयोगात्मक नेपाली व्याकरण,* साझा प्रकाशन ।

न्यौपाने, टुकप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपकप्रसाद (२०७३), *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *नेपाली कक्षा १०,* स्वयम् ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान ।